समृद्धि प्रकाशन

अगस्ट
२०११

समृद्धि, द प्रोस्परिटी फाउण्डेशन

# छलफल पत्र

# नेपालमा कृषिको व्यवसायीकरण

www.samriddhi.org

समृद्धि, द प्रोस्पेरिटी फाउन्डेशन आफैमा स्वतन्त्र, गैरराजनीतिक, गैरनाफामूलक शैक्षिक तथा अनुसन्धान संस्था हो। जसले राजधानी काठमाडौंलाई केन्द्र बनाएर सार्वजनिक नीति अध्ययन गर्ने संस्थाका रूपमा आफूलाई सक्रिय गराएको छ।

**समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन**

४१६, भिमशेनगोला मार्ग, मीनभवन खरिबोट
पोष्ट बक्स नम्बर : ८९७३, एन. पी. सी. ६७८
काठमाडौं, नेपाल

फोन नं.
(९७७)-१-४४६-४६१६
(९७७)-१-४४८-४०१६

फ्याक्स
(९७७)-१-४४८-५३९१

ईमेल
info@samriddhi.org

समृद्धि द प्रोस्परिटी फाउण्डेशनले प्रकाशन गरेका पाठ्य सामाग्रीहरु गैरव्यवसायीक प्रयोजनका लागि उपयोग गर्न यस संस्थाले प्रोत्साहित गर्दछ। यस प्रकाशनको प्रतिलिपि अधिकार समृद्धि फाउण्शनसँग निहित रहेको हँदा, यस प्रकाशनका सामाग्री प्रयोग गर्दा, समृद्धि फाउण्डेशनको नाम उल्लेख गर्न र एक प्रति प्रकाशन उपलब्ध गराउन अन'रोध गरिन्छ।

© समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशन

# विषय सूचि

०१. भूमिका ०३

०२. औचित्य ०३

०३. स्थिति अवगत ०४

०४. कानूनी संरचना विवरण ०५

०५. सरकारी प्रयास र त्यसको प्रभाव ०६

०६. अर्न्तराष्ट्रिय अनुभवहरू ०७

६.१. न्यूजिल्याण्ड ०७

६.२. चीन १०

६.३. पूर्वी र दक्षिण एशियामा हरित क्रान्ति १०

६.४. युगान्डाको करार खेती ११

०७. नेपाली कृषि क्षेत्रका चुनौतीहरू ११

०८. सुझाव १२

०९. प्रस्तावित समाधानको सम्भावित प्रभाव १३

१०. निजी क्षेत्रको भूमिका १४

११. छलफल गर्ने अन्य क्षेत्रहरू १४

सन्दर्भ सामग्री

## भूमिका

निम्न तहको आर्थिक वृद्धिसँगै ग्रामीण जनसङ्ख्याको बाहुल्यता, गरिबीको उच्च दर र निर्वाहमुखी कृषि नेपालका प्रमुख अभिलक्षणहरू हुन् । नेपालका प्रमुख अभिलक्षणका रूपमा रहेका यी कारकहरूका बीचमा विभिन्न तहमा परस्पर सम्बन्ध रहेको हुन्छ । देशको जनसङ्ख्याको झण्डै ८० प्रतिशत जनता ग्रामीण परिवेशमा बसोबास गर्दछन् । उनीहरूको जीविका मुलभुत रूपमा कृषि कार्यले धानेको छ । ग्रामीण क्षेत्रमा गरिबीको दर सहरी क्षेत्रको भन्दा तेब्बर बढी रहेको छ । ग्रामीण क्षेत्रमा ३५ प्रतिशत गरिबी रहेको छ भने शहरी क्षेत्रमा करिब १० प्रतिशत मात्र गरिबी रहेको छ (NARC, 2010) । यो गरिबी दरलाई मुख्यत ग्रामीण क्षेत्रमा जीविकोपार्जनको मुख्य स्रोतका रूपमा रहेको कृषि निर्वाहमुखी भएको तथ्यसँग जोड्न सकिन्छ । ग्रामीण क्षेत्रमा ७८ प्रतिशत कृषि भुमिको उपयोग मुख्यतया आफ्नै घरको उपभोगका लागि प्रयोग गरिएको देखिन्छ । बजारमा बिक्री गर्नका लागि कुल भुमिको जम्मा १ प्रतिशत कृषि भुमि पनि प्रयोग भएको छैन । यसैगरी २१ प्रतिशत कृषक परिवारले कृषिजन्य उत्पादनको मात्रा तथा घरेलु खपत बराबर गर्ने गरेका छन् (CBS, WB, DFID & ADB, 2006) । जनसङ्ख्याको यति धेरै प्रतिशत कृषिमा संलग्न भए तापनि जनसङ्ख्याको ठुलो हिस्सा अन्नमा पुर्ण आत्मनिर्भर हुन सकेको छैन । झण्डै ६० प्रतिशत परिवार आफ्नै खाद्यान्नको व्यवस्था गर्न नसकिरहेको अवस्थामा छ । मुख्यत हिमाली क्षेत्रमा कृषि उत्पादनले बर्षको ३ देखि ८ महिनालाई मात्र अन्नको आवश्यकता पुरा गरेको देखिन्छ (NARC, 2006) । तसर्थ जनसङ्ख्याको ठुलो हिस्सा कृषि क्षेत्रमा रहेकाले कृषिको सामाजिक तथा आर्थिक विकासका सन्दर्भलाई विश्लेषण गर्नु आवश्यक छ । कुल श्रमशक्तिको दुईतिहाई कृषि क्षेत्रमा संलग्न रहेको नेपालमा कुल उत्पादनमा कृषिको योगदान जम्मा एक तिहाई मात्र रहेको छ । कृषि देशको अन्नको मुख्य स्रोत हो, यसका साथै धेरैका लागि आम्दानी र रोजगारीको स्रोत पनि हो । मुख्यत ग्रामीण जनसङ्ख्या कृषिमा धेरै नै निर्भर रहेको हुन्छ । तसर्थ नेपाली तथा समस्त मानव विकासमा आर्थिक वृद्धि, गरिबी उन्मुलन, उच्च जीवनस्तरका लागि एउटा प्रमुख मुद्दा कृषि क्षेत्र हो ।

यस सन्र्दभमा, आर्थिक वृद्धि तथा गरिबी निवारणको माध्यमका रूपमा कृषिको व्यवसायीकरणलाई प्रस्तावित गरिएको छ । देशको आर्थिक वृद्धिदर बढ्दो उत्पादनमा निर्भर रहने हुनाले पाँचौ पञ्च वर्षिय योजना (१९७५-८०) को निरूपणमा कृषि उच्च प्राथमिकतामा परेको थियो । यसका साथै कृषि उत्पादनमा विविधता ल्याएर कृषिलाई औद्योगिकरण पनि गर्न सकिन्छ (Savada, 1991) । बीस वर्षीय कृषि गुरु योजना (Agriculture Perspective Plan - APP) ले सरकारले कृषि क्षेत्रलाई दिएको महत्व र कृषिको सम्भावित व्यापारीकरणको अवस्थालाई पनि दर्साउँदछ ।

यद्यपि, कृषिमा ल्याउन चाहेका क्रान्तिकारी परिवर्तन र कृषि क्षेत्रको विकास पुर्णरूपमा यथार्थमा बदलिएको छैन । यसै सन्दर्भमा यस लेखमा नेपालमा कृषिको व्यवसायीकरणमा देखिएका नीतिगत मामिला, संस्थागत चुनौती र व्यवहारिक मार्गसम्मको विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## औचित्य

नेपालमा जनसङ्ख्याको ठुलो हिस्सा दयनीय गरिबी र सामाजिक अभावमा बाँच्दछ । सरकारको सबैभन्दा ठुलो र दीर्घकालीन विकासको चुनौती भनेको गरिबी निवारण हो । यस चुनौतीको सामना गर्न नेपालले आर्थिक वृद्धिदर बढाउन कार्यतर्फ आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने अवस्था रहेको छ । वर्तमान स्थितिमा नेपालको अर्थतन्त्र मुख्यतया रेमिट्यान्स (विप्रेषण)ले धानेको छ । यस धनलाई उत्पादनशिल क्षेत्रमा लगानी गराउनु अर्को चुनौती रहेको छ । यस कार्यमा सफल भएको अवस्थामा देशको आर्थिक वृद्धिदर बढाउन पनि यसले मद्दत पुग्नेछ । यस सन्दर्भमा सामाजिक तथा आर्थिक कार्यसुचीमा कृषिको व्यवसायीकरणलाई एउटा राम्रो विकल्पको रूपमा लिइएको छ । देशको कुल उत्पादनमा कृषिको योगदान कम हुँदै गए तापनि यसले अझै पनि एकतिहाई भाग ओगटेकै छ । तर केही वर्षयता समग्र आर्थिक वृद्धिदरसँगै कृषि क्षेत्रको वृद्धि पनि खस्कँदै गएको छ । कृषिले कुल उत्पादनको एक तिहाई भाग योगदान दिए तापनि यो क्षेत्रमा अपेक्षाकृत विकास भने भएको छैन । यसले गर्दा आर्थिक वृद्धिको समग्र अवस्थाको नक्सा नै बिग्रिएको छ । सन् १९९० मा नेपालको कुल आर्थिक वृद्धिदर ४.८ प्रतिशत रहेकामा यो दर २००१-२००६ मा ३.२ प्रतिशतमा झरेको छ । कृषि क्षेत्रको वृद्धिदर ९० को दशकमा २.७ प्रतिशत रहेकामा २००१-२००६ मा २.४ प्रतिशत भएको थियो । यस अङ्कले कृषि क्षेत्रको वृद्धिदर धेरै समयदेखि स्थिर रहेको देखाउँदछ । कुल उत्पादनमा ३३ प्रतिशत तथा देशको कुल श्रमको ६६ प्रतिशत कृषिमा संलग्नता रहे तापनि श्रमको कम उत्पादनशिलताले गर्दा अर्थतन्त्रमा कृषिले केही योगदान दिन सकेको छैन (Karkee, 2008) । तसर्थ आर्थिक वृद्धिदरको कमीमा र गरिबीविरुद्धको सङ्घर्षमा कृषि क्षेत्रको स्थिरताको ठुलो भुमिका रहेको छ । त्यसैले कृषिको व्यवसायीकरणका बारेमा बृहत छलफल आवश्यक भएको छ ।

नेपालको कृषि क्षेत्रका बारेमा छलफल गर्दा यसमा अवसर र चुनौती दुवै रहेको पाईन्छ । नेपालमा विविध कृषि पर्यावरणीय क्षेत्रका साथै गैरमौसमी फुलको निर्यात, विशेष उत्पादन र गैररुख जङ्गली उत्पादन, जस्तै औषधीय बोटबिरुवाको सम्भावना रहेको छ । संसारका एक तिहाई मानिस

बसोबास गर्ने भारत र चीनबीचमा रहेकाले पनि नेपालको कृषि उत्पादनका लागि बजारको सम्भावना ठुलो छ। बिश्व व्यापार संघ (WTO) मा नेपालको संलग्नता पनि यस सन्दर्भका लागि एउटा राम्रो अवसर हो। अवसरका साथै सुरक्षित खाद्यनियम, जनवारको स्वास्थ्यको विनियम, गुणात्मक दर्जा र अन्य प्रावधानहरू यस अवसरसँगै चुनौतीका रूपमा रहेका छन्। अरू चुनौतीका रूपमा हिमाली क्षेत्रको भुभाग र सडक व्यवस्थाको कमीले बजारमा पुग्ने आधार रोकिदिने गर्छ। यस्ता चुनौतीले कृषिको वृद्धि तथा विविधतामा कमी ल्याउँदछ र गैर कृषिक्षेत्रलाई बढावा दिन्छ। कमजोर तथा अव्यवस्थित संस्था र अयोग्य प्राविधिक सहायताले पनि व्यवसायीकरणका अवसरहरूमा अडचन ल्याउँने गर्दछ।

केही दशकयता सरकारले कृषिलाई उच्च प्राथमिकता दिएको छ। यसका साथै बाह्य सहयोगको धेरै अंश पनि यसै क्षेत्रमा केन्द्रित रहेको छ। तैपनि यस क्षेत्रको परिणाम भने निराशाजनक नै रहेको छ। तसर्थ कृषि उत्पादनको वृद्धिदरको अङ्क पनि स्थिर रहेको छ। कृषि क्षेत्रको खराब अवस्थालाई मुख्तया संस्थागत कमजोरीसँग दाँजिएको छ। यसले गर्दा प्राथमिकता, निवेशको खराब व्यवस्थापन, मानवीय तथा वित्तीय साधनको अनुपयोगी प्रयोग, भुमि स्वामित्वको विखण्डनजस्ता समस्या पनि देखिएको छ। यद्यपि आर्थिक उत्पादन बढाउने अवसर पनि पर्याप्त रूपमा रहेको छ, जसले गर्दा कृषि क्षेत्रको सुधारका साथसाथै ग्रामीण आम्दानी बढाउन र अरू क्षेत्रको विकास गर्दै गरिबी निवारणमा तत्काल असर पुर्‍याउँन पनि सकिन्छ।

नेपाल सरकारको बीसबर्षे कृषि गुरुयोजना (APP) (१९९५–२०१४) अनुमोदन भएयता विविध प्रसङ्ग, नीति तथा संस्थागत प्रावधानहरू फेरिएका छन्। सन् १९९६ मा प्रारम्भ भएको आन्तरिक द्वन्द्व र तत् समयमा भएका राजनीतिक परिवर्तन (दोस्रो जनआन्दोलन २००६) ले विकासको सन्दर्भ नै परिवर्तन गरिदिएको छ। त्यसै गरि निजी क्षेत्र तथा गैरसरकारी क्षेत्र पनि बीसबर्षे कृषि गुरुयोजना (APP) को योजना अवधिसँग संलग्न भएको छ। यसैगरी संस्थागत परिवर्तनले पनि कृषिको विस्तारसेवालाई जि.वि.ससम्म विस्तार गरेको छ। त्यसै गरी WTO मा नेपालको सदस्यता, नयाँ कृषि नीति (२००४) को अनुमोदन र अरू क्षेत्रगत नीति जस्तै जलस्रोत रणनीति २००२, सिंचाई नीति २००३ , खाद्य नीति १९९९, २००२ र वन नीति १९९२ को संसोधन र खाद्य व्यवसायका अवनियम इत्यादि यस समयमा भएका केही महत्वपुर्ण परिवर्तनहरू हुन्। यिनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि गुरुयोजनाको कार्यान्वयनमा प्रभाव पारेका छन्। केही नीति तथा संस्थागत व्यवस्था कृषि गुरुयोजनाको अनुकुल भए तापनि अन्य कतिपय भने प्रतिकुल हुन सक्छन्। त्यसैले यस वृहत योजनालाई विभिन्न स्तरमा विश्लेषण गर्नु महत्वपुर्ण हुन्छ। यस विषयमा केही महत्वपुर्ण प्रश्नहरूका रूपमा रहेका के यो बदलिँदो परिस्थितिमा कृषि गुरुयोजना अझै सार्थक, सान्दर्भिक र प्रभावकारी छ त ? अहिलेसम्म यो कत्तिको सफल रह्यो र यसको प्रदर्शनमा के-के कुराले योगदान दिए ? कृषि गुरुयोजनालाई नवीकरण गर्ने हालैको राष्ट्रिय कृषि नीतिले व्यवसायीकरण, नीजि क्षेत्रद्वारा निर्देशित विकास र व्यापारलाई विकासको मुद्दामा अग्रणी स्थानमा राखेको छ र यिनै प्रश्नहरू र परिस्थितिजन्य विकासको सेरोफेरोमा यो मुद्दालाई विस्तारमा छलफल गर्न पनि जरुरी छ।

नेपालको आर्थिक वृद्धिको योजनामा लामो समयदेखि नै कृषिको व्यवसायीकरणलाई आवश्यक मानिंदै आइएको छ। यद्यपि यसको प्राप्तिका लागि नीतिगत समर्थन, क्षमता विकास, अनुसन्धानमा लगानी, मानवस्रोत तथा कृषिसँग सम्बन्धित पुर्वाधार विकास, उत्पादकहरूलाई बजारका सुचनाहरू उपलब्ध गराउनेजस्ता पक्षमा काम गर्न आवश्यक छ।

## स्थिति अवगत

नेपालको अर्थतन्त्रमा कृषि सबैभन्दा प्रमुख क्षेत्र हो। सत्तरी प्रतिशतभन्दा धेरै श्रमशक्तिले काम गरिरहेको अवस्थामा करिब ३३ प्रतिशत कृषिले ओगट्दछ भने उद्योग क्षेत्रले १५ प्रतिशत र सेवा क्षेत्रले ५२ प्रतिशत ओगट्दछ। नेपालमा ग्रामीण विकासको मुख्य चुनौती भनेको निर्वाहमुखी उत्पादनको पद्धतिबाट व्यावसायिक अर्थतन्त्रतर्फ परिवर्तन गर्न हो (CIA Factbook)।

नेपालको कृषि प्रायः कम मुल्य पर्ने अन्न र निर्वाहमुखी उत्पादनमा आधारित छ। जसमध्ये १३ प्रतिशत उत्पादन मात्र व्यापार गरिन्छ। यस क्षेत्रमा उत्पादकता र मुल्य वृद्धि गर्न थुप्रै अवसर र सम्भावना हुँदाहुँदै पनि अहिलेको कुल गार्हस्थ उत्पादनको ३३ प्रतिशत हिस्सा घट्दो छ (The World Bank Group, 2011)। विदेशिएका कामदारहरूले पठाएको रेमिट्यान्सको निर्भरता बढ्दो भए तापनि निर्वाहमुखी कृषि भन्दा बाहेकका ठाउँमा आर्थिक अवसर नपाएकाले प्रायः नेपाली गरिब छन्। सन् २००८ को विश्व विकास प्रतिवेदनअनुसार पनि चरम गरिबी र भोकमरी निर्मुल गर्न र सहस्राब्दी विकाश लक्ष्य हासिल गर्न पनि कृषिमा लागेकाहरूलाई अन्य क्षेत्रमा ल्याउन जरुरी छ। त्यसकारण गैर-कृषि क्षेत्रमा अवसर सिर्जना गर्नु र कृषि क्षेत्रको व्यवसायीकरण गरेर उत्पादकत्व र मुल्य अभिवृद्धि गर्नु आवश्यक छ।


निर्वाहमुखी कृषि क्षेत्रबाट व्यावसायिक क्षेत्रमा परिणत गर्न लगानी सबैभन्दा महत्वपुर्ण हुन्छ। संयुक्त राष्ट्र सङ्घको व्यापार र विकास विषयक

सम्मेलन (UNCTAD) को प्रतिवेदनअनुसार गएको ८ बर्षमा विश्वभरी कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी तीन गुणाले बढेको छ । विश्वभरी आर्थिक मन्दी भए तापनि कृषि क्षेत्रमा प्रत्यक्ष वैदेशिक लगानी सन् २००० मा २ अर्ब अमेरिकी डलर रहेकामा सन् २००८ मा ६ अर्ब अमेरिकी डलर पुग्यो । यस क्षेत्रको प्रत्यक्ष वैदेशिक लगानीलाई विश्वव्यापी रूपले सहज गर्न विश्व बैंक, कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष र खाद्य तथा कृषि एसोसिएसनले जिम्मेवार कृषि लगानीको सिद्धान्त विकास गरेका छन् । नेपालमा कृषि क्षेत्रमा प्रचुर सम्भावना भए तापनि अनुचित लगानी नीति र राजनीतिक अस्थिरताले गर्दा नेपालले चाहेजस्तो वैदेशिक लगानी भित्र्याउन सकेको छैन ।

तल चित्रमा अरू देशको दाँजोमा नेपालको कृषि क्षेत्रको कम उत्पादकत्व वृद्धि देखाइएको छ ।

| **बाली उब्जनी (मे.ट. / हे)** | **धान** | **गहुँ** | **उखुँ** | **दाल** | **मकै** |
|---|---|---|---|---|---|
| **नेपाल** | | | | | |
| **हिमाल** | १.९ | १.६ | १४.० | ०.८ | १.७ |
| **पहाड** | २.५ | १.८ | २३.७ | ०.८ | २.० |
| **तराई** | २.६ | २.४ | ४१.८ | ०.८ | २.३ |
| **भारत** | | | | | |
| **उत्तर प्रदेश** | २.० | २.६ | ५८.२ | ०.९ | १.१ |
| **पंजाब** | ३.७ | ४.२ | ५७.९ | ०.९ | २.७ |
| **भिएतनाम** | ४.९ | | ५५.० | ०.७ | ३.७ |
| **चीन** | ६.३ | ४.५ | ८२.५ | ३.० | ५.४ |

त्यसैगरी नेपालमा भुमिको उत्पादनमुलक प्रयोग निम्न छ । औसत भुमि स्वामित्व १९९५ र १९९६ मा ०.८८ हेक्टरबाट घटेर २००३ र २००४ मा ०.६६ पुग्यो । ५७ प्रतिशत कृषकसँग ०.५ हेक्टरभन्दा कम जमिन छ भने १६ प्रतिशतको कुनै जमिन नै छैन ।




# कानूनी संरचना विवरण

## कृषि गुरुयोजना

सन् १९९५ देखि २० वर्षसम्मका लागि तयार पारिएको नेपालको कृषि गुरुयोजना, कृषि क्षेत्रलाई आधुनिकीकरण र विकास गर्ने सरकारी प्राथमिकता प्राप्त नीति हो । यो गुरुयोजना एशियाली विकास बैंकको प्राविधिक सहयोगबाट तयार गरिएको हो । यसलाई नवौं पञ्च बर्षे योजना (१९९८ देखि २००२) बाट कार्यान्वयन गर्ने निर्णय गरियो । यस गुरुयोजना कार्यान्वयन पक्ष निरीक्षण गर्न सन् १९९६ मा राष्ट्रिय योजना

आयोगमा राष्ट्रिय सहायता समिति गठन पनि गरियो । एशियाली विकास बैंकको प्राविधिक सहयोगमा राष्ट्रिय योजना आयोगमा यस समितिको सचिवालय स्वतन्त्र विश्लेषणात्मक इकाई गठन गरियो । यस इकाईको प्रमुख उद्देश्य गुरुयोजनाको कार्यान्वयन पक्ष निरीक्षण गर्नु थियो ।

दशौं पञ्च वर्षिय योजना (२००२-२००७) ले पनि कृषि गुरुयोजनाको समर्थन गर्दै कृषि उत्पादन स्रोतको उत्पादकत्व बढाउने कुरामा प्राथमिकता दिएको थियो । दशौं पञ्च वर्षिय योजनाले कृषि गुरुयोजनामा उल्लेख गरेबमोजिमका उद्देश्यलाई input र सेवाहरू दुवैलाई एकीकृत रूपमा हासिल गर्न खोजेको थियो । यसले विस्तारै अन्न, पशुपालन र उपभोग्य वस्तुहरूको निश्चित क्षेत्रलाई बढाउँदै र परिवर्तन गर्दै व्यवसायीक कृषिजन्य वस्तुको विकास क्षेत्र बनाउने परिकल्पना पनि गरेको थियो । कृषि गुरुयोजनाले राजनीतिक दल, सहायता कोष, मन्त्रालयहरू र कृषि विकासमा लाग्ने मुख्य साझेदारहरूलगायतको चौतर्फी समर्थन प्राप्त गरेको थियो । तरपनि यो गुरुयोजना आलोचनाबाट मुक्त भने छैन । जमिनमुनिको पानीको विकास, ग्रामीण सडक विकासजस्ता कृषि क्षेत्रका मुख्य विषयहरूलाई सम्बोधन गर्न यो गुरुयोजना असफल र अयोग्य रहेको भनी आलोचना भयो । नेपालको आर्थिक वृद्धिको मुद्दालाई सम्बोधन गर्न कृषि योजना एक महत्वपुर्ण कदम थियो ।

यसको विस्तारित कार्यक्षेत्रले गर्दा यस गुरुयोजनाले नेपालको करिब ३३ प्रतिशत कुल गार्हस्थ उत्पादन ओगट्ने ७० प्रतिशतभन्दा धेरै श्रमशक्तिलाई आफ्नो दायरामा राखेको थियो । यसबाहेक यस गुरुयोजनाले आर्थिक क्षेत्रका रूपमा रहेको कृषि क्षेत्रको नकारात्मक स्थितिमा संस्थागत तथा संरचनागत विकासको नीतिगत तहमै भाग लिने प्रतिबद्धता पनि जनाएको थियो ।

यस गुरुयोजनाको प्रभावकारिताको असर कार्यान्वयन पक्ष अलि ढिला हुँदा कम रहेको छ । योजना बनाउँदादेखि कार्यान्वयन गर्दासम्मको परिवर्तित परिस्थिति, नीति र व्यवस्थाले गर्दा कृषि गुरुयोजना अप्रभावकारी र अप्रासङ्गिक हुन पुगेको हो । कृषि  गुरुयोजनाको कार्यान्वयनमा प्रभाव पारेका कुराहरूमा स्थानीय स्वायत्त शासन ऐन (१९९९), मलको व्यापार विनियम कार्यनीति, २००२, सिँचाई नीति २००३, राष्ट्रिय कृषि नीति २००४ हुन् ।

यस्ता परिवर्तन र स्रोतहरूको प्रभावकारी प्रयोग गर्न नसकेकाले सरकार कृषि गुरुयोजनालाई पुनरावलोकन गर्न र नयाँ परिस्थितिअनुरूप बनाउनका लागि यसमा समायोजन गर्न बाध्य भयो । सन् २००४ मा सरकारले व्यवहारिक समायोजन योजना ल्याउने प्रतिबद्धता गर्‍यो । कृषि क्षेत्रको उपलब्धी समीक्षाले पनि उक्त योजना प्रारम्भपछिको परिवर्तित स्थितिमा काम गर्ने योग्य बनाउनका लागि नयाँ कार्यनीति बनाउन सुझाव दिएको छ ।

### कृषि व्यवसाय प्रवर्धन नीति

वि.सं २०६३ पछि हालको निर्वाहमुखी र छरिएको कृषि उत्पादन व्यवस्थालाई आधुनिक, दीर्घकालिन, प्रतिस्पर्धी र व्यवसायीक बनाउन कृषि व्यवसाय प्रर्वधन नीतिको तर्जुमा गरिएको थियो । यस नीतिको उद्देश्य कृषिको व्यवसायीकरणबाट गरिबी घटाई कृषि उत्पादनको आयात कम गरी कृषि क्षेत्रको विकास गर्नु रहेको थियो ।

राष्ट्रिय कृषि नीति (२००४) को संरचनामा रहेर यो नीतिमा निम्नलिखित कार्यक्रमहरू तर्जुमा भएको थियो ।

- भौगोलिक, प्राविधिक र आर्थिक सम्भावनाहरूका आधारमा विभिन्न ठाँउहरूमा वृद्धि केन्द्रहरूको स्थापना र विकासमा जोड,
- कृषि उत्पादनको निर्यात क्षेत्रहरू तथा व्यापार सेवा केन्द्रहरूको स्थापना,
- सरकार, निजी क्षेत्र, गैर सरकारी संस्थाहरू र नागरिक समाजको सहकार्यबाट कृषि व्यवसाय प्रर्वधन गर्न आवश्यक भौतिक पुर्वाधाहरूको विकास गर्ने । यी पुर्वाधारहरूमा सिंचाइको व्यवस्था, बाटो-घाटो, सङ्कलन केन्द्रहरू, चिस्यान तथा भण्डार केन्द्रहरू, ग्रामीण बिद्युतीकरणजस्ता कुराहरू पर्दछन् ।

## सरकारी प्रयास र त्यसको प्रभाव

सन् १९९५ देखि सरकारले २० वर्षको लागि कृषि गुरुयोजना को सुरुवात गर्यो । यस गुरुयोजनाको प्राथमिक उद्देश्य कृषि क्षेत्रको वृद्धिदर बढाउनु हो । यस गुरुयोजनाको लक्ष्य एशियन विकास बैंकको प्राविधिक सहयोगमा कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनमा २.६६% (१९९५ देखि १९९६) बाट सन् २०११ देखि २०१५ सम्ममा ४.८८% पुर्याउनु हो । जुलाई १९९६ मा यस गुरुयोजनाको कायान्वयनको लागि राष्ट्रिय

योजना आयोगमा राष्ट्रिय सहायता समितिको गठन गरियो । यसै समितिको अन्तर्गत गुरुयोजनाको कार्यान्वयन पक्ष निरिक्षण गर्न स्वतन्त्र विश्लेषणात्मक ईकाइको गठन गरियो ।

कृषि गुरुयोजनालाई नेपाल सरकारले नवौं पञ्च वर्षे योजना (१९९७ र ९८ र २००१ र ०२) को सुरुवात देखि नै कार्यान्वयनमा ल्याउने भएकाले त्यसै पञ्च वर्षे योजनामा समाहित हुने गरि परिमार्जन गरियो । त्यसैकारण नेपालको अन्तरीम कृषि गुरुयोजनालाई गुरुयोजनाको प्रथम पञ्च वर्षे योजनाको उन्नत रुपान्तरण भनेर मान्यता दिइन्छ । यस विषयको आसय कृषि गुरुयोजना भनेको गुरुयोजनाको मुख्य विषय र एनेक्समा समावेश गरिएको विवरण हो । अन्तरीम गुरुयोजनामा (१९९७-९८ र २००१-०२) प्रयोग गरिएको विवरणले मुल कृषि गुरुयोजनालाई स्वभाविक जोड दिन्छ ।

दशौ पञ्च वर्षे योजना (२००२–२००७) गरिवी निवारण रणनितीक पत्र पनि भएको हुँदा, कृषि गुरुयोजनालाई पारित गर्‍यो र गुरुयोजनाको परिकल्पना अनुसार output र सेवालाई एकिकित रुपमा समावेश गरेर कृषि जन्य उत्पादनको स्रोतको उत्पादकत्व बढाउन पर्ने आवश्यकतालाई जोड दियो । साथसाथै दिनहुँ बढिरहेका र परिवर्तन भैरहेको बाली, पशुपालन र उपयोगी वस्तुका निश्चित क्षेत्रलाई व्यवसायिक कृषि विस्तार केन्द्रमा विकास गर्न पनि जोड दियो ।

कार्यान्वयनको समयमा कार्यान्वयन पक्ष ढिला हुनुका साथै परिवर्तित परिस्थिति नीति र व्यवस्थाको सामना यस गुरुयोजनाले गर्नुपर्‍यो । स्थानिय स्वशासन व्यवस्थाको आधिकारिक घोषणा (१९९९), मल भित्राउँदा गरिने नियन्त्रण फुकुवा, जल क्षेत्र रणनीति २००२ को आधिकारीक घोषणा, सिचाई नीति २००३ र राष्ट्रिय कृषि नीति २००४ हरु केहि उदाहरणहरु हुन् जसले गर्दा कृषि गुरुयोजना को कार्यान्वयन पक्षलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपले असर पारेको छ । केही नीति तथा व्यवस्थाहरु गुरुयोजना अनुरुप भएता पनि प्रायः बाझिने देखिन्छ । त्यसै गरी नयाँ अन्तर्राष्ट्रिय सन्धि सर्त र प्रतिबद्धताले गर्दा नीतिगत, व्यवस्थागत र नियमन तथा कानुनी संरचनामा आएका परिवर्तनले केही नीतिहरु समय अनुसार असान्दर्भिक भएका छन् ।

# अन्तर्राष्ट्रिय अनुभवहरू

## न्युजिल्याण्ड

### संक्षिप्त विवरण

जनसङ्ख्याका आधारमा न्युजिल्याण्ड एउटा सानो देश भएपनि अन्तर्राष्ट्रिय कृषिजन्य व्यापारका क्षेत्रमा भने प्रमुख खेलाडी हो । न्युजिल्याण्डका किसानहरू सरकारी अनुदान वा मुल्यसहयोग संयन्त्रबिना नै विश्वबजारमा अत्यन्त प्रतिस्पर्धी छन् । न्युजिल्याण्डका मुख्य निर्यात वस्तुहरू डेरी उत्पादन, मासु, काठ तथा काठका उत्पादनहरू र माछा हुन् । विगत १० वर्षमा न्युजिल्याण्डको कृषि क्षेत्रको बहुआयामिक उत्पादकत्व प्रतिवर्ष १.८ प्रतिशतका दरले वृद्धि भइरहेको छ । यो वृद्धि यस देशको सम्पुर्ण अर्थतन्त्रको तुलनामा दुई गुणा बढी हो । दीर्घकालमा कुनै पनि देशको आर्थिक वृद्धि र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने क्षमता उक्त देशको उत्पादकत्वमा भर पर्ने हुँदा न्युजिल्याण्डको दीर्घकालको आर्थिक वृद्धिका लागि कृषिमा भइरहेको उत्पादकत्व वृद्धि महत्वपुर्ण हुनेछ ।

सन् २००८ मार्चमा न्युजिल्याण्डको कृषि क्षेत्रबाट हुने वार्षिक आम्दानी १८.९२ अर्ब अमेरिकी डलर थियो । जसको अधिकांश हिस्सा सहर तथा बजारहरूमा खर्च गरिएको थियो भने १०.६९६ अर्ब डलर चाहिँ मध्यवर्ती उपभोगका लागि प्रयोग गरिएको थियो । त्यसैगरी, २.२१९ अर्ब डलर ज्याला तथा तलब खर्चका लागि प्रयोग गरिएको थियो जबकि ३.३५९ अर्ब डलर ब्याज तिर्नका लागि खर्च गरिएको थियो । न्युजिल्याण्डको कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत कृषि क्षेत्रबाट प्राप्त हुन्छ । यानिकि ८.२३ अर्ब अमेरिकी डलर । म्यधलकतचभक उचयअभककष्लन लाई समेट्ने हो भने न्युजिल्याण्डमा कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा १५ प्रतिशत योगदान दिन्छ । (Federated Farmers of New Zealand, n.d.)

तलको तालिकाले सन् १९६० देखि सन् १९९० सम्म न्युजिल्याण्डको कुल गार्हस्थ उत्पादनमा कृषिको योगदानलाई देखाइएको छ ।

तलिका १: न्युजिल्याण्ड : कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान

| बर्ष | कृषि (न्युजिल्याण्ड डलर दस लाख) | कुल अर्थतन्त्र (न्युजिल्याण्ड डलर दस लाख) | भाग (%) |
|---|---|---|---|
| १९६०-६१ | ४१० | २,८१३ | १४.६ |
| १९६५-६६ | ५६० | ४,०१२ | १३.९ |
| १९७०-७१ | ५९० | ५,८३२ | १०.१ |
| १९७५-७६ | १,०७१ | ११,६६८ | ९.२ |
| १९८०-८१ | २,१६१ | २३,००२ | ९.४ |
| १९८५-८६ | २,८९१ | ४४,७१९ | ६.५ |
| १९९०-९१ | ३,९१२ | ७३,१२६ | ५.४ |
| १९९५-९६ | ५,००९ | ९१,४६१ | ५.५ |
| १९९६-९७ | ४,९९२ | ९५,२०६ | ५.२ |
| १९९७-९८ | ५,१५४ | ९८,२४७ | ५.२ |
| १९९८-९९ | ५,१८८ | २४,९६० अ | ५.२ |

अ = अनुमान

*स्रोतः न्युजिल्याण्ड तथ्याङ्क, कृषि मन्त्रालय*

## सुधार

सन् १९८४ मा शुरु गरिएको न्युजिल्याण्डको कृषि सुधार कार्यक्रम विश्वमै कृषिको व्यवसायीकरण तथा विकासकोसबैभन्दा बढी प्रभावकारी उदाहरणमध्येमा पर्दछ । सन् १९८४ देखि न्युजिल्याण्डले आफ्ना प्रायः अनुदानका कार्यक्रमहरू हटायो र स्वतन्त्र व्यापारको नीतिलाई अँगाल्यो ।

कृषिमा मुल्यनिर्धारणको प्रथा हटाएर कृषिलाई स्वतन्त्र बजार र स्वतन्त्र व्यापारको परिधिमा लिएर आउने थोरै OECD सदस्य मुलुकहरूमध्ये को एक न्युजिल्याण्ड हो । सुधारको परिणामस्वरूप, न्युजिल्याण्डको कृषि क्षेत्रको उत्पादकत्वमा उच्च वृद्धि भयो र अर्थतन्त्रका अन्य क्षेत्रमा पनि योगदान बढ्यो । नयाँ व्यवस्थासँग समायोजित हुँदा केही समायोजनका समस्याहरू आएका भएपनि, न्युजिल्याण्डमा कसरी कृषिजन्य उत्पादकहरूले बदलिँदो बजारको स्थितिसँग र न्युन/शुन्य अनुदानसँग समायोजन गर्न सक्छन् र यसका बाबजुद आफ्नो आयको स्तर सुधार गर्न सक्दछन् भन्ने कुराको बलियो उदाहरण पेश गरेको छ ।

सन् १९८४ को सुधारहरूभन्दा अघि न्युजिल्याण्डको वित्तीय बजार सघन रूपमा नियमन गरिएको थियो जसले गर्दा अधिकांश कृषिसँग सम्बन्धित संस्थागत ऋणहरू चारवटा वाणिज्य बैङ्कहरूमार्फत् वा कृषि व्यापारीहरूमार्फत् मात्र प्रदान गर्न मिल्थ्यो । कृषि व्यापारीहरू मौसमी पुँजीका पनि स्रोत थिए । यी वित्त प्रदायकहरूसँग ग्रमीण क्षेत्रको वित्तीय नियमनका लागि चाहिने दक्षता थिएन । यसले गर्दा प्रायः ऋणसम्बन्धी निर्णयहरू स्वस्थ्य वित्तीय अवस्था र ऋण तिर्न सक्ने क्षमताका आधारमा गरिन्थ्यो । सुधार पछि भने, एउटा प्रमुख मौसमी ऋण प्रदायक संस्थाले शुरुमा आफ्नै पोर्टफोलियो पुर्नसंरचना गर्नतर्फ लाग्यो ।

न्युजिल्याण्डको कृषि सुधारको शुरुवात र प्रायजसो कार्यान्वयन १९८४ को बजेटबाट गरिएको थियो । सन् १९८४ को बजेटले सुधारका लागि निम्नलिखित व्यवस्थाहरू गऱ्यो :

१) भुमिमा आधारित उद्योगहरूलाई दिने गरिएको सहायतामा कमी ल्याउने नयाँ सरकारको सिद्धान्त अन्य क्षेत्रमा पनि समान गतिका साथ लागु हुनेछः "यसको उद्देश्य Inputs मा भएका अनुदानहरू घटाउनु वा हटाउनु हो जहाँ यी अनुदानहरूले किसानहरूबीच वा भुमि प्रयोक्ताबीच भेदभाव सिर्जना गरेका छन् । अन्य क्षेत्र कै गतिमा सुधार गरिनेछ भनेर भन्नु किसानहरूको युनियनलाई अप्रत्यक्ष चेतावनी थियो कि उनीहरूलाई पनि अन्य क्षेत्रभैंm व्यवहार गरिनेछ भनेर । शुरुमा कृषि क्षेत्रलाई सुधार गरियो, त्यसपछि वित्तीय क्षेत्र, त्यसपछि सरकारी क्षेत्र । त्यसको पाँच बर्षपछि श्रम बजारको सुधार अन्तिममा आयो ।

२) बजारका सिद्धान्तमा फर्कनका लागि निम्नलिखित कार्यहरू गरिनेछः

क) मुल्य सहयोगलाई हटाउने,
ख) input अनुदान हटाउने,
ग) वास्तविक व्याजदरमा कर्जा उपलब्ध गराउने,

३) ग्रामीण बैङ्कमार्फत् भइरहेका सहुलियतका कृषि ऋण खारेज गर्ने ।

४) सरकारद्धारा प्रायोजन गरिएका ग्रामीण ऋणहरूको व्याजदरलाई क्रमैसँग बजारमा चलेको दरमा लिएर आउने ।

५) कृषिजन्य ऋणका लागि सरकारी ऋण खाताको प्रयोग १९८६-८७ सम्ममा हटाउने ताकि नयाँ ऋणहरू सबैलाई बजारको दरमा ल्याउन सकियोस् ।

६) मलको ढुवानीमा दिइदै आएको अनुदान बजेट घोषणा गरिएको रातबाटै खारेज गरियो भने मलको मुल्यमा दिइदै आएको अनुदान मार्च ३१, १९८६ बाट खारेज गरियो ।

७) नयाँ मेशिनरी र बिल्डिङमाथिको पहिलो वर्षको लगानी करको छुट खारेज गरियो ।

८) कृषि मन्त्रालयले उपलब्ध गराउने सबै सेवाहरूमा पुरा शुल्क लाग्ने प्रावधान गरियो ।

नयाँ कृषि नीतिको उद्देश्य निम्नानुसारको थियो:

- input अनुदान खारेज गर्ने
- ऋणमा भएका सहुलियत हटाउने
- सरकारी सेवाहरूको शुल्क बढाउने
- कर व्यवस्थामा भएका विकृति घटाउने
- मार्केटिङ बोर्डको कारोबारमा वास्तविक ब्याजदर निर्धारण गर्ने
- स्थिरीकरणका लागि बनाइएका खाताहरू बन्द गर्ने

*(स्रोत: न्युजिल्याण्डको बजेट, १९८४)*

## सन् १९८५ को वक्तव्य

सुधारको निरन्तरतास्वरूप सन् १९८५ डिसेम्बर १२ मा न्युजिल्याण्डले खेतीमा हुने पुँजीगत खर्चमा दिइँदै आएको कर छुटको सुविधा हटाउने घोषणा गर्‍यो । घोषणाको उक्त वक्तव्यमा भनिएको थियो: "भुमिमा आधारित क्रियाकलापलाई साधारण क्रियाकलापसरह नै कर लगाउनका लागि गरिएको करसम्बन्धी परिवर्तनहरू महत्वपुर्ण हुन्छन् ।"

करको व्यवस्थामा गरिएका यी परिवर्तनहरूले कृषिसम्बन्धी उद्योगमा मध्यम वा दीर्घकालीन लगानीलाई निरन्तरता दिनका लागि असल आर्थिक आधार दिनेछन् ।

## मार्केटिङ बोर्डहरू

सन् १९८४ अघि मार्केटिङ बोर्डहरू न्युजिल्याण्डको कृषि क्षेत्रका महत्वपुर्ण हिस्सा थिए । सन् १९८४ मा स्वतन्त्र बजारको सिद्धान्तका आधारमा काम गर्ने गरी तिनीहरूमा परिवर्तन ल्याइयो । सन् १९८४ को जुन ३० देखि Supplementary Minimum Price Scheme खारेज गरियो । १९८६ को डिसेम्बरमा डेरी बोर्डको रिजर्भ बैंकमा भएको कम ब्याजदरको कारोबार खाता बन्द गरियो र उक्त डेरी बोर्डले सरकारलाई तिर्नुपर्ने ७५ करोड डलरको अधिविकर्षलाई १५ करोड डलरको अधिनस्थ ऋणमा परिणत गरियो । निजी क्षेत्रबाट मात्र भविष्यका योजनाहरू सञ्चालनका लागि चाहिने आर्थिक स्रोतहरू उठाउने व्यवस्था पनि गरियो ।

त्यसैगरी सरकारले ऊनसम्बन्धी बोर्ड र मासुसम्बन्धी बोर्डलाई पनि वित्तीय सहयोग दिन छोड्यो र तिनलाई पनि आफ्नो खर्च निजी क्षेत्रबाटै जुटाउन निर्देशन दियो। सन् १९८६ को बजेटले सुधारलाई निरन्तरता दिँदै रिजर्भ बैङ्कमा भएका यी बोर्डहरूको सबै खाता पनि खारेज गरिदियो। संक्षेपमा न्युजिल्याण्डका भएका सुधारहरूलाई यसरी उल्लेख गर्न सकिन्छः

कृषिजन्य उत्पादकहरूलाई उनीहरूले प्रयोग गर्ने input हरूको व्यवसायिक रूपमा निर्धारित मुल्य तिर्न, स्वतन्त्र बजारको कारोबारबाट निर्धारण भएअनुसार उत्पादनको मुल्य लिन, ऋणको सम्पुर्ण लागत तिर्न र जहाँ छुट्याइएको कोषको विकल्प लागत उठ्थ्यो त्यहाँ स्थिरतासम्बन्धी व्यवस्थाहरू स्वीकार गर्न लगाइयो।

## चीन

चीन विश्वको दोस्रो ठुलो अर्थतन्त्र र सबैभन्दा धेरै जनसङ्ख्या भएको देश हो। चीनमा करिब १.३ अर्ब अथवा विश्वको २१ प्रतिशत जनसङ्ख्या बसोबास गर्छन्। चीनको एउटा महत्वपुर्ण आर्थिक क्षेत्र कृषि हो। चीनमा कृषिले ३० करोड किसानहरूलाई रोजगारी दिएको छ। चीन विश्वको सबैभन्दा धेरै कृषिजन्य वस्तुको उत्पादन गर्ने देश पनि हो। धन, गहुँ, आलु, फापर, चिया, कोदो, बदाम, कपास, जौ, तोरी, सुँगुरको मासु र माछा चीनका मुख्य कृषिजन्य उत्पादनहरू हुन्। यसका बावजुद, आफ्ना सम्पुर्ण जनतालाई खाद्यान्न उपलब्ध गराउनु चीनका लागि एउटा गम्भीर चुनौती पनि हो, किनभने चीनसँग विश्वको सम्पुर्ण कृषियोग्य भुमिको जम्मा १० प्रतिशत मात्रै भुमि रहेको छ र विश्वको सरदर प्रति व्यक्ति जलस्रोतको एक चौथाई भाग मात्र छ (OECD, 2005)।

माओ त्से तुङले सन् १९५८ मा शुरु गरेको "ग्रेट लिप फरवार्ड" अभियानले चिनियाँ कृषिलाई सम्पुर्ण रूपमा सरकारी नियन्त्रणभित्र ल्यायो। यससँगै देशभरका भँगेराहरू निर्मुल पार्ने प्रयास गरेको "महान् भँगेरा अभियान"ले कृषिजन्य वस्तुको उत्पादमा अत्यन्त ठुलो स्तरको र नकारात्मक असर पार्‍यो। जबरजस्ती औद्योगिकरण, निजीस्तरमा खानेकुराको उत्पादनमा रोक, अनिवार्य सामुहिक खानपान र सामुहिक खेतीजस्ता कार्यहरूले गर्दा कृषि क्षेत्रमा निकै विकृतिहरू देखिए, जुन अन्ततः महान् चिनियाँ भोकमरीमा परिणत भए। उक्त भोकमरीमा कम्तीमा १ करोड ४० लाख मानिसको मृत्यु भएको अनुमान गरिएको छ।

## सुधार

त्यसैले सन् १९७८ देखि चीनले थालनी गरेका आधारभुत आर्थिक सुधारहरूमध्ये कृषि क्षेत्रको सुधार पनि एउटा महत्वपुर्ण पक्ष थियो। उक्त सुधारको परिणामस्वरूप कृषि क्षेत्र केन्द्रीय योजनाको चङ्गुलबाट मुक्त भएको छ र बजार निर्देशित अर्थतन्त्रतर्फ अघि बढिरहेको छ। त्यस बेलासम्म प्रचलनमा रहेको कम्युन प्रणालीलाई परिवारहरूले सामुहिक रूपमा जमिन लिजमा लिएर उत्पादन गर्ने पारिवारिक उत्पादनको दायित्व प्रणालीले विस्थापन गर्‍यो। यस व्यवस्थाले सर्वव्यापी रूपमा ग्रामीण घरधुरीहरूमा भुमिसम्मको पहुँच पुर्‍यायो। यसले ग्रामीण क्षेत्रका उद्योगहरू फस्टाउन र कृषिक्षेत्रको श्रमशक्तिलाई अधिकतम उपयोग गर्न मद्दत गर्‍यो। यी सम्पर्ण सुधारहरूले कृषि उत्पादनमा उल्लेख्य मात्रामा वृद्धि गर्नाका साथै गरिबीको दरमा नाटकीय गिरावट ल्याउन र उपलब्ध खानाको परिमाण र गुणस्तरमा उच्च वृद्धि गर्न मद्दत गरेको थियो।

पारिवारिक उत्पादन दायित्व प्रणालीले उत्पादनको प्रेरणा अभिवृद्धि गर्दै किसानहरूलाई लागत घटाउन, जोखिम उठाउन र नयाँ पद्धतिबाट उत्पादन थालनी गर्न प्रेरित गर्‍यो। सन् १९९० को दशकको प्रारम्भमा चीनको अर्थतन्त्र अत्यन्त तीव्र गतिमा वृद्धि हुन थाल्यो र उपभोक्ताहरूको रोजाई परिमाणबाट गुणस्तरतर्फ सर्‍यो। त्यसैले उक्त दशकको अन्त्यतिर र सन् २००० को प्रारम्भतिर कृषिवस्तुको बजारमा आपुर्ति बढ्दा खाद्यान्न उत्पादनको मुल्यमा भारी गिरावट आयो। साथै बढ्दो अन्तर्राष्ट्रिय प्रतिस्पर्धाले अझै बढी संरचनागत परिवर्तन ल्यायो। त्यसपछि चीनको नीतिगत उद्देश्य किसानहरूको आम्दानी बढाउनेतर्फ केन्द्रित भयो।

अन्य विकसित राष्ट्रहरू जस्तैः जापान, दक्षिण कोरियाले झै चीनले पनि आफ्ना किसानहरूलाई अनुदान दिदैं आइरहेको छ तर अन्य राष्ट्रका तुलनामा चीनले किसानहरूलाई दिएको अनुदानको दर एकदम कम छ। OECD को उत्पादक समर्थन अनुमान (Producer Support Estimate) अनुसार सन् १९९० को दशकमा चीनमा कृषिलाई नीतिगत समर्थन न्युन रहेकामा सन् २०००-२००३ मा आइपुग्दा यो बढेर कुल कृषिगत आम्दानीको ६ प्रतिशतसम्म पुगेको छ। यो तथ्याङ्क OECD को सरदर ३१ प्रतिशतभन्दा निकै कम हो। (OECD, 2005)

### पुर्वी र दक्षिण एशियामा हरित क्रान्ति

एशिया, अझ विशेषतः पुर्वी र दक्षिणी एशियामा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि हरित क्रान्ति एउटा महत्वपुर्ण कदम थियो । यसको मुख्य उद्देश्य कृषिगत उत्पादकत्व अभिवृद्धि गर्नु थियो र उक्त कार्यका लागि विभिन्न प्रविधिमार्फत् जग्गाको प्रतिहेक्टर उत्पादकत्व वृद्धि गर्न प्रयास गरिएको थियो । पुर्वी र दक्षिण एशियाली मुलुकहरू जस्तैः भियतनाम, कोरिया, चीन र भारतमा कृषिको उत्पादकत्व वृद्धि प्रारम्भ गर्न यो क्रान्ति अत्यन्त सफल भएको थियो ।

सन् १९७५ देखि सन् १९८५ को समय हरित क्रान्तिको उच्चतम विन्दु थियो । यस समयमा एशियामा मात्रै धानको उत्पादन दर दुई गुणाले वृद्धि भएको थियो । त्यसपछिको वृद्धिदर भने घट्दो क्रममा छ ।

धेरै अर्थतन्त्रमा कृषिजन्य वृद्धिका लागि हरित क्रान्ति प्राथमिक माध्यम भए तापनि उक्त प्रविधि एशियाका धान खेती गर्ने सबै कृषकहरूसम्म पुऱ्याइएन । यसले गर्दा अझै पनि विभिन्न कृषकहरूबीचको आम्दानी अन्तर एउटा प्रमुख मुद्दाका रूपमा रहेको छ ।

### युगान्डाको करार खेती

करार खेतीलाई किसानहरू र प्रशोधन तथा बिक्रीवितरण गर्ने व्यवसायीहरूबीचको पुर्वनिर्धारित दरमा कृषिजन्य सामग्रीको उत्पादन र आपुर्तिका लागि गरिएको सम्झौताका रूपमा परिभाषित गर्न सकिन्छ । करार खेतीले विकासोन्मुख देशहरूका साना किसानहरूलाई आफ्नो कृषिजन्य उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारहरूसँगको समन्वयमार्फत् व्यवसायीकरण गर्न मद्दत गरेको छ । उखु, कपास, धानजस्ता उत्पादनलाई समावेश गरेर अफ्रिका, एसिया र मध्य तथा ल्याटिन अमेरिकामा गरिएका अनेक अध्ययनहरूले देखाएअनुसार साना किसानहरू करार खेतीबाट विशेष लाभान्वित हुन्छन् । करार खेतीले उनीहरूलाई उत्पादनका लागि चाहिने कच्चा पदार्थ, उत्पादनको बजारसम्मको पहुँच दिनुका साथै अन्य फाइदाहरू पनि उपलब्ध गराउँने हुनाले किसानहरू लाभान्वित भएका हुन्छन् ।

करार खेतीको अभ्यास हुनुपहिले युगान्डा उखु र चियाबगानजस्ता कृषि उत्पादनमा मात्र सीमित थियो । तर फसल खेतीको लाभको दर बढाउन, बजारीकरणका जोखिमहरू घटाउन र मुख्यतः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका नयाँ बजारहरूमा प्रवेश गर्ने कार्यमा करार खेतीको सफलताले अन्य बालीको उत्पादनमा पनि किसानहरूलाई यो प्रणाली अपनाउन प्रेरणा दिएको छ । हाल करार खेतीको प्रयोग अन्य कृषिजन्य उत्पादनहरू, जस्तैः कपास, सुर्ती, सुर्यमुखी, मकै, जैविक खेतीका उत्पादनहरू (कपास, कफी आदि), मह, धान र कुखुरापालनमा पनि फैलिएको छ ।

## नेपाली कृषि क्षेत्रका चुनौतीहरू

नेपाली कृषिक्षेत्र मुख्यतः साना आकारका पारिवारिक खेतहरूले बनेको छ । यो प्रायः निर्वाहमुखी भए तापनि कृषिमा आधारित रहेका परिवारहरूको जीवननिर्वाह हुने गरि उत्पादन गर्न असक्षम छ । नेपालमा कृषिजन्य उत्पादनमा खाद्यान्नको वर्चश्व प्रमुख रहेको छ भने धान देशको प्रमुख उत्पादन बाली हो । यस क्षेत्रमा देशको कुल श्रमशक्तिको ७० प्रतिशतभन्दा बढी श्रमशक्ति संलग्न रहेको भएपनि नेपालको कृषिले कुल गार्हस्थ उत्पादनमा एक-तिहाइ बराबरको मात्र योगदान गर्छ । यसका साथै आजसम्म पनि नेपालको कृषि क्षेत्रको उत्पादनले खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्न सकेको छैन । नेपालको कृषि क्षेत्रको विकासका मुख्य चुनौतीहरू कृषि क्षेत्रको न्युन उत्पादकत्व दर, परम्परागत कृषि प्रणाली, व्यवसायीकरण र औद्योगिकरणको अभाव हुन् । गएको दुई दशकमा नेपाली कृषि क्षेत्रको वृद्धिदर वार्षिक औसत २.७ देखि २.८ प्रतिशत रहेको थियो । नेपालको गरिबी मुख्यतः कृषिसँग सम्बन्धित मुद्दा हुनुको एउटा कारण यो पनि हो ।

कृषियोग्य भुमिको विखण्डन नेपाली कृषिको व्यवसायीकरण र विकासको अर्को ठुलो बाधक हो । एउटा खेतको औसत आकार ०.८ हेक्टर मात्र रहेको छ । कुल खेतहरूमध्ये झण्डै आधाजस्तो खेतको आकार ०.५ हेक्टरभन्दा सानो छ । त्यसैगरी नेपालका झण्डै तीनचौथाई खेतहरू १ हेक्टरभन्दा साना आकारका छन् । समयको वहावसँगै नेपाली खेतहरूको आकार क्रमशः झन् सानो हुँदै गइरहेको छ । सन् १९६१ र २००१ को बीचमा औसत खेतको आकार २८ प्रतिशतले घटेको छ (Karkee, 2008) ।

नेपाली कृषिको एउटा सानो हिस्सा भने व्यवसायीकरण र विविधिकृत भएको छ । यद्यपि नेपाली कृषिको यो हिस्सा कृषिको औद्योगिकरण नहुनाले विस्तार हुनबाट वञ्चित भइरहेको छ । त्यस्तै क्षेत्रमध्येको एउटा क्षेत्र डेरी उत्पादनको क्षेत्र हो ।  केही वर्ष अघिसम्म नेपालमा दुधको आपुर्तिसँग

मेल खाने दुग्ध प्रशोधन केन्द्रहरू नहुनाले “मिल्क होलिडे” घोषणा गर्नुपर्ने अवस्था थियो । यस अवस्थाले धेरै पशुपालक किसानहरूलाई अन्य पेशामा लाग्न वा कम दुध दिने नश्लका गाईहरू पाल्न बाध्य गरायो । हाल भने, सरकारी स्तरबाट एउटा र निजी क्षेत्रबाट दुई गरेर जम्मा ३ वटा दुध प्रशोधन केन्द्रहरू सञ्चालनमा रहेका छन् । अहिले नेपालमा प्रतिदिन ३ लाख लिटर दुधको अभाव रहेको छ । यस अभावलाई पुर्ति गर्नका लागि भारतबाट दुध आयात गरिँदै आइएको छ । यस समस्याको समाधानका लागि भारतबाट कम्तीमा १०,००० सुधारिएका नश्लका गाईहरू ल्याउन जरुरी छ । यद्यपि भारतले यस्तो किसिमको निर्यातमाथि बन्देज लगाएको छ । सरकारी तहको उच्चस्तरमा वार्ता गरिएका खण्डमा यो समस्या समाधान हुनसक्छ । यो समस्याको समाधान हुने हो भने नेपालका दुग्ध किसानहरू प्रत्यक्ष रूपमा लाभान्वित हुने थिए र देशले प्रतिदिन १ करोड रूपैयाँ विदेशिनबाट बचाउने थियो ।

यसबाहेक पनि नेपालको कृषि क्षेत्रको वृद्धिलाई रोकिराखेका अन्य धेरै व्यवधानहरू छन् । नेपाली कृषि अझै पनि सिंचाईका लागि वर्षाको पानीमा निर्भर छ, किनकि सिंचाइका लागि आवश्यक भौतिक पुर्वाधारहरू अझै बनाइएको छैन । वर्षामाथिको निर्भरताले उत्पादनको सामजस्यतामा नकारात्मक असर पारिरहेको छ । नेपाली कृषिमा सिंचाइको झुकाउ अन्न खेतीतर्फ बढी छ । नेपालको कुल खेतीयोग्य जमिनमध्ये केवल २० प्रतिशत जमिनमा मात्र वर्षैभरि सिंचाइको सुविधा उपलब्ध छ ।

कृषिजन्य उत्पादनका लागि उपयुक्त सङ्कलन केन्द र गोदाम घरहरू नहुनु पनि नेपाली कृषि क्षेत्रको वृद्धिमा एउटा प्रमुख बाधक हो । उपयुक्त भण्डारणको अभावले गर्दा किसानहरू आफ्ना उत्पादनहरू जथाभावी मुल्यमा बेच्न बाध्य छन् । यो मुल्य कहिलेकाहीँ उत्पादन लागतभन्दा कम रहेको पनि पाइन्छ । उनीहरू त्यसो गर्न बाध्य हुनुको कारण उपयुक्त भण्डारण सुविधाको अभावमा उत्पादनहरू बिग्रने डरले हो ।

त्यसैगरी कृषि मलमा अनुदान दिने सरकारी नीतिले गर्दा किसानहरूले समयमै मल नपाउने अवस्था सिर्जना भइरहेको छ । यस किसिमको अभावले किसानहरूलाई समयमै मल पाउनका लागि कालो बजारमा भर पर्न बाध्य बनाइरहेको छ ।

कृषिजन्य जलवायुको विविधताले गर्दा नेपालका पहाडमा उच्च मुल्यको कृषि उत्पादन गर्न सकिए तुलनात्मक रूपमा लाभदायक हुन्छ । तर भौतिक पुर्वाधारहरूको कमी, कृषिजन्य खोज तथा अनुसन्धान गर्ने क्षमताको कमी, बढी परिमाणले ल्याउने किफायतको कमीजस्ता कुराले गर्दा कारोबार लागत बढ्नाले सम्भाव्यताको पुरा फाइदा लिन सकेको अवस्था छैन ।

## सुझाव

नेपालको कृषि क्षेत्रमा रहेका समस्याहरूलाई तीन श्रेणीबाट सम्बोधन गर्नँपर्छ । आफ्नै जीविकाका लागि कृषिमा संलग्न रहेका र कम आम्दानी भएका वर्गलाई अनुदान र विकासका लागि पुर्वधार उपलब्ध गराइनु पर्छ । जनसङ्ख्याको अर्को वर्ग जो कृषिमा संलग्न छ त्यो वर्गलाई कृषिको व्यवसायीकरणतर्फ लक्षित नीतिले बढी फाइदा पुऱ्याउने छ । यो वर्गलाई कुनै अनुदानको आवश्यकता पनि पर्दैन । त्यसैगरी पहिल्यै व्यवसायिक कृषिमा संलग्न रहेको तेस्रो वर्गलाई कृषिलाई व्यवसायीकरण गर्ने नीतिले फाइदा पुऱ्याउनेछ ।

आफ्नै जीविकाका लागि खेती गर्ने कृषक वर्गलाई निजी क्षेत्रबाट सहयोग गर्न सकिन्छ किनभने निजी क्षेत्र उनीहरूलाई ऋण तथा प्रविधि स्थान्तरणमा सहयोग गर्न इच्छुक रहन्छन् । नेपालको कृषिलाई बेलकर्भ पद्धतिबाट पनि हेर्न सकिन्छ, जहाँ एकातर्फ आफ्नो जीविकाका लागि गरिने कृषि रहेको छ भने अर्कातर्फ औद्योगिक खेती र कर्भको बीच भागमा व्यवसायिक खेती रहेको छ । यहाँ त्यो कर्भको अधिकांश भाग व्यवसायिक खेतीले ओगट्ने छ । नेपालमा बढी पानी चाहिने र लागतमा आश्रित कृषि बाली कृषि क्षेत्रको वृद्धिका लागि असमर्थ छ भने यो प्रणाली साना कृषकलाई जिविकोपार्जनका लागि पनि अपर्याप्त छ । सरकारले बढी मुल्य भएको कृषि उत्पादनलाई महत्व दिँदै अहिलको निर्वाहमुखी सानो कृषिको साटो बढी मुल्य भएको कृषिजन्य उत्पादनमा मात्रै ध्यान दिनुपर्दछ । बढी मुल्य दिने कृषिले सामान्य खेती हुने बाली (जस्तै धान) माथिको दबाव कम गर्न मद्दत पुर्‍याउँछ । यसो गर्दा सानो कृषि भुमि भएका किसानलाई देशभित्र र बाहिरको बजार विस्तारले धेरै अवसरहरू प्रदान गर्दछ । यसले पानीको प्रयोगको प्रति एकाइलाई बढी मुल्य दिनुका साथै रोजगारीमा समेत लचिलोपन प्रदान गर्दछ ।

कृषकहरूलाई मलखर्चमा सहयोग गर्नुभन्दा सरकारले कृषिमा वैज्ञानिक प्रविधि भित्र्याउन सहजकर्ताको भुमिका निभाउनु पर्दछ । ट्र्याक्टर निर्यात गर्दा लाग्ने करमा छुटका साथै कृषिमा प्रयोग हुने अन्य यन्त्रमा दिइने छुटले पनि कृषकहरूलाई नयाँ प्रविधि प्रयोग गर्न प्रोत्साहन गर्दै उत्पादकत्व बढाउन मद्दत गर्दछ ।

अर्थतन्त्रको प्रमुख अंश रहेको कृषि क्षेत्रमा निजी क्षेत्रको भुमिका बढाउने कार्यतर्फ पनि सरकारले ध्यान पुऱ्याउनु पर्दछ । कृषकलाई मदत गर्ने उद्देश्यले दिईएको मलको सहयोगले ल्याउने नकारात्मक परिणाम, जस्तैः समयमा मलको उपलब्धता नहुनु र कृषकहरूले गुणस्तरहीन मल महँगो मुल्यमा प्रयोग गर्न बाध्य हुने अवस्था अद्यापि रहेको छ ।

सरकारले निजीक्षेत्रसँग साझेदारी गर्दै आधुनिक र व्यवस्थित सङ्कलन केन्द्र र गोदामको निर्माण गर्नुपर्छ । हरेक बालीको कम्तीमा दश हजार मेट्रिक टन उत्पादन अटाउने क्षमता भएका यस्ता सङ्कलन केन्द्र तथा गोदाम कृषि उत्पादन क्षेत्रका रूपमा चिनिएका झापा, चितवन, भैरहवा, विराटनगर जस्ता क्षेत्रमा निर्माण गर्नुपर्छ । यस्ता सङ्कलन केन्द्र तथा गोदामको उपलब्धताले कृषकलाई बजारमा आफ्नो उत्पादनले चाहेको मुल्य नपाउञ्जेल भण्डारण गर्न सजिलो हुन्छ । यी सङ्कलन केन्द्र तथा गोदामको नजिकै कृषि उत्पादनको किनबेच हुने मण्डीको व्यवस्था गर्नुपर्छ । यस व्यवस्थाले गर्दा कृषिजन्य उत्पादन किन्ने र बेच्ने पक्षलाई कारोबार गर्न सजिलो पनि हुन्छ ।

सरकारले ग्रामीण क्षेत्रमा आउने रेमिट्यान्सबाट भएको आम्दानी बढी मुल्य पाइने कृषि बालीको उत्पादनमा लगानी गर्न प्रोत्साहित गरेमा ग्रामीण कृषकको उत्पादकत्व बढाउन तथा उनीहरूको जीवनस्तर उच्च बनाउन मद्दत पुग्छ । त्यसैगरी यसले ग्रामीण युवालाई कृषि क्षेत्रमा आकर्षित गर्नसक्छ । कृषि उद्योग सल्लाह सेवा, उद्योग योजना, उद्योग व्यवस्थापन र सिप तालिमजस्ता कार्यक्रमले ग्रामीण युवालाई कृषि क्षेत्रमा आकर्षित गर्नसक्छ ।

यी सुझावहरूलाई निम्नलिखित बुँदाहरूमा संक्षेपमा प्रस्तुत गर्न सकिन्छ :

- नेपाली कृषिका समस्याहरूको सम्बोधन तीन श्रेणीबाट गरिनुपर्छ ।
- निर्वाहमुखी तहमा कृषिमा आश्रित किसानहरूलाई सहयोग गर्न निजी क्षेत्रलाई विभिन्न तहमा प्रभावकारी रूपले सहभागी गराउने संयन्त्र निर्माण गर्न जरुरी छ ।
- अहिलेको निर्वाहमुखी कृषिबाट उच्च मुल्य (प्रतिफल) दिने कृषि उत्पादनतर्फ जान सरकारले प्रोत्साहन गर्नुपर्छ ।
- कृषिमलमा रहेको अनुदान दिने व्यवस्था अन्त्य गरेर निजी क्षेत्रलाई पनि खुला पहुँच दिनुपर्छ ।
- सरकारले निजी क्षेत्रसँग साझेदारी गर्दै मुख्य बजार क्षेत्रहरूमा आधुनिक र व्यवस्थित सङ्कलन केन्द्र र गोदामको निर्माण गर्नुपर्छ ताकि कृषकले बजारमा आफ्नो उत्पादनको चाहेको मुल्य नपाउन्जेल भण्डार गर्न सकुन् ।
- सरकारले कृषिमा प्रयोग हुने यन्त्र तथा प्रविधिहरू जस्तै ट्र्याक्टर निर्यात वा उपयोग गर्दा लाग्ने करमा छुट दिनुपर्छ ।
- ग्रामीण क्षेत्रमा आउने रेमिट्यान्सको आम्दानीलाई बढी मुल्य दिने कृषि उत्पादनमा लगानी गर्न प्रोत्साहित गर्नँपर्छ ।

## प्रस्तावित समाधानको सम्भावित प्रभाव

नेपाल सरकारलाई विभिन्न समुहका किसानलाई निश्चित र उपयुक्त नीतिको व्यवस्था गर्न तीन तहको पद्धतिले सरल बनाउँछ । सबैका लागि एउटै आकारु पद्धति प्रयोग गर्नुभन्दा विभिन्न तह र परिमाणको समस्यालाई भिन्न तरिकाले समाधान गर्न तीन तहको पद्धति उपयुक्त हुन्छ । निश्चित नीतिले गर्दा सरकारले प्रदान गरेको सहुलियत र अन्य विशेष सुविधाले निम्न आय भएका कृषकहरूलाई सहयोग गर्नेछ । त्यसैगरि औद्योगिक कृषिको बढावा गर्ने निश्चित नीतिले नेपाली कृषिको व्यवसायीकृत र विकसित हिस्सालाई सहयोग गर्छ ।

नेपालमा निर्भरतामुखी परम्परागत कृषिलाई उच्च मुल्यको कृषिमा परिणत गर्ने नीतिहरूको कार्यान्वयन गर्नु जरुरी छ । यसले गर्दा अधिकतम सिंचाइ प्रयोग हुने खाद्यान्नमाथिको दबाव घट्ने र थोरै जमिन भएका कृषकहरूलाई अवसर बढ्नेछ । उच्च मुल्यको कृषिले राम्रो रोजगारीको अवसर दिनेछ र अल्प रोजगारीको दर पनि घटाउनेछ ।

मलमा नियमन र सहुलियतहरू हटाउनाले मलको आयात र बजार व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता बढ्नेछ । प्रतिस्पर्धाले गर्दा पर्याप्त मात्रामा मलको उपलब्धता हुने र मुल्य पनि घट्ने सम्भावना धेरै हुन्छ । यद्यपि आवश्यक पुर्वाधार र संस्थागत व्यवस्थाबिना विनियम गरिएमा प्रभावकारी हुँदैन । सन् १९९० को दशकमा कृषि मलको क्षेत्रलाई नियमन गर्दाको नेपालको अनुभवले यस कुरालाई झल्काउँछ । नेपालमा कृषि मलको क्षेत्र नियमित गर्नासाथ भारतमा सहुलियत दरमा बेचिने सस्ता तथा कम गुणस्तरका मलहरू भित्रिए । यस कार्यलाई सरकार र निजी क्षेत्र दुवैले रोक्न सकेनन् । सरकार र निजी निर्यातकर्ताभन्दा सस्तोमा पाइने हुनाले कृषकले गुणस्तरमा ध्यान नदिएर खुसीसँग सस्ता र कम गुणस्तरको मल खरिद गरे । त्यसका साथै महँगो ढुवानीले गर्दा विकट क्षेत्रमा मल पर्याप्त मात्रामा उपलब्ध हुन पनि सकेन । यसले गर्दा आपुर्तिको समस्या त

हल भएन नै साथै मलको गुणस्तरसँग सम्बन्धित व्यापक समस्याहरू पनि देखा पर्‍यो । स्थानीय तहमा मलको गुणस्तर निरीक्षण गर्न आवश्यक विशेषज्ञता भएको व्यक्ति खटाउनेजस्ता कार्यहरू गरेर त्यस्ता चुनौतीको सामना गर्न सकिन्थ्यो । त्यसैले कृषकहरूलाई समयमै र उचित गुणस्तरको मल आपुर्ति गर्न नसक्ने खालका विनिमयको सम्भावित समस्याहरूलाई पनि दृष्टिगत गर्नु आवश्यक हुन्छ (Shrestha, 1991) ।

सङ्कलन केन्द्र र भण्डारण स्थानको उपलब्धताले गर्दा किसानहरूले राम्रो मुल्य नपाएसम्म आफ्नो सामग्री आफैसँग राख्न पाउँछन् । यसका साथै कृषकहरूले आफ्नो सामान एक ठाँउबाट अर्को ठाउँमा नलगिकन कारोबार गर्न सक्छन् जसले गर्दा उनीहरूको कारोवार खर्च पनि घट्दछ । साथै कृषकले उचित मुल्य नपाउने समस्याको समाधान गर्न पनि सजिलो हुन्छ । सङ्कलन केन्द्र र बजारको उचित व्यवस्थापन र सञ्चालन एउटा प्रमुख मुद्दा भएकाले यसका बारेमा पहिले नै सोच्नु जरुरी हुन्छ ।

## निजी क्षेत्रको भुमिका

कृषि क्षेत्रको व्यापारिकरणलाई सन् १९९० को नीतिहरूले समर्थन गरे तापनि निजी क्षेत्रको भुमिका खासै देखिँदैन । त्यसमाथि १२ बर्ष लामो जनयुद्धले गर्दा पनि निजी क्षेत्रलाई कृषिमा लगानी गर्न निरुत्साहित पनि गरायो । तर शान्तिप्रकिया प्रारम्भ भइसकेको अवस्थामा सबै खालका साना उद्यमीदेखि ठुला उद्योगहरूसम्म व्यवसायिक कृषिमा आकर्षित हुँदै गरेको देखिन्छ । युद्धपछिको समयमा व्यवसायिक कृषिमा निजी क्षेत्रको लगानी धेरै मात्रामा बढेको छ । कफी, जडीबुटी, माछा पालन, मासु उत्पादन, हरिया सागसब्जी, फलफुल खेती, बीउ उत्पादन, अदुवा, दुग्ध उत्पादनजस्ता क्षेत्रहरूलाई निजी क्षेत्रले व्यवसायीकरण गर्दै लगिरहेका छन् ।

नेपालको निजी क्षेत्रले व्यवसायीकरण गरेको एक उत्कृष्ट उदाहरण कुखुरा पालन हो । सन् १९९० को दशकदेखि निजी क्षेत्रले कुखुरा पालनमा १६ अर्ब रूपैयाँ लगानी गरेको र ७० हजारभन्दा बढी युवालाई रोजगारी दिएको छ (घिमिरे, २०१०) । यसले नेपालको कुल गार्हस्थ उत्पादनमा ४ प्रतिशत योगदान पनि गरेको छ (रासस, २०१०) ।

सरकारी निजी साझेदारी (PPP) का पहलहरू

सन् १९९२ मा सरकार, दाता र नेपाल उद्योग वाणिज्य महासङ्घको त्रिपक्षीय साझेदारीमा कृषि व्यवसायिक केन्द्र (Agro Enterprise Center - AEC) को स्थापना गरिएको थियो । यसको एउटा उद्देश्य भनेको उच्च मुल्य, निम्न परिमाण, नगदे बालीमा आधारित बजारमुलक र निजी क्षेत्रबाट सञ्चालित नेपालको विकास रणनीति बनाउन, निजी क्षेत्रमा प्रशिक्षणसम्बन्धी ज्ञानको विकास गर्नु हो ।

कृषि व्यवसायिक केन्द्रले “राष्ट्रिय कृषि नीति २००४” मा विभिन्न किसिमका कार्यक्रमहरू गर्दै आएको छ । यसका मुख्य गतिविधिहरूमा भविष्यमा सम्भावित सरकारी निजी साझेदारीमा आधारित कार्यक्रमहरू जस्तै अनुसन्धान र विकास, खाद्य र पोषणमा आधारित कार्यक्रम उत्पादन, सङ्कलन, श्रेणीकरण, सञ्चयन र प्याकेजिङ, व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारिकरण, कृषि प्रविधि विकासको सेवा, बजारको संरचनाको पद्धति (विकास, विस्तार र बहाब), कृषिजन्य वस्तुको सङ्कलन केन्द्रको स्थापना र व्यवस्थापन, थोकमुल्यका बजार र हाट बजारहरूको स्थापनाजस्ता कार्यहरू पर्दछ । कृषिजन्य व्यापार बढावा नीति २००६ मा सरकारी निजी साझेदारीलाई महत्व दिइएको छ । यस नीतिमा निश्चित व्यवसायिक उत्पादन क्षेत्र, जैविक खाद्य उत्पादन, कृषि उत्पादन निर्यात क्षेत्र र व्यापार सेवा केन्द्रहरूको विकास गर्न सरकारी निजी साझेदारीको भुमिकाको चित्रण गरिएको छ ।

सरकार, नेपाल उद्योग वाणिज्य महासङ्घ, गाविस, जिविसको साझेदारीमा बनेको कार्यक्रम नेपाल सरकार, एसियन विकास बैंक, उद्योग वाणिज्य महासङ्घ, कृषि उद्योगहरू, जिविसहरू, सहकारीहरू, बजार व्यवस्थापन समितिहरूको संलग्नतामा बनेको “व्यवसायिक कृषि विकास परियोजना” लाई सहयोग गर्न बनेको गैरसरकारी संस्थान “व्यवसायिक कृषि गठबन्धन”हरू सरकारी निजी साझेदारीका उपलब्धी हुन् ।

## छलफल गर्ने अन्य क्षेत्रहरू

नेपालमा भुमिको व्यवस्थापन, कृषिको व्यवसायीकरण र औद्योगिकरण गर्ने काम प्राथमिक मुद्दा हो । यस विषयमा अझ छलफल तथा बहस र वादविवाद गर्न आवश्यक छ । भुमि विखण्डनले नेपाली कृषिको उर्वरतामा नकारात्मक परिणाम ल्याउँछ भन्ने धेरैको भनाई भए तापनि अहिलेको समस्याको समाधान कसरी गर्ने भन्ने कुरामा नेपालमा नीति बनाउनेहरूबीचमा नै सहमती भएको छैन ।

त्यसैगरी सिंचाइ कृषि क्षेत्रको विकासका लागि एउटा महत्वपुर्ण पक्ष हो, त्यसमा सरकार र निजी क्षेत्रको भुमिकाबारेमा छलफल गर्न पनि अत्यन्त जरुरी छ ।

यस प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यहरूको विश्लेषणद्वारा आएका निस्कर्षहरूलाई अबलम्बन गरी कृषिको व्यवसायीकरणलाई सहज बनाउन थप अध्ययन तथा छलफल गर्नु आवश्यक छ । सर्वप्रथम, यहाँ छलफल गरिएको तीन तहको कार्ययोजना लागु गर्ने सन्दर्भमा विस्तृत विषलेण गर्न जरुरी छ । तीन तहको कार्यमा राहतको आवश्यकता पर्ने भनिएको न्युन आय भएका कृषक वर्गलाई राहत प्रदान गर्न नपर्ने भनिएको अर्को कृषक वर्गबाट छुट्याएर राहत प्रदान गर्ने कार्य जटिल हुन्छ । यस प्रक्रियामा यी दुई वर्गहरू छुट्याउने संस्थाहरूसँग कृषिमा संलग्न जनसङ्ख्या र त्यसमा विभिन्न वर्गहरूको आयबारे विस्तृत तथ्यहरू र तथ्याङ्क हुनु अत्यन्त जरुरी रहन्छ । तथ्याङ्कहरू भएकै खण्डमा पनि यस प्रक्रियामा न्युन आय भएका कृषकहरूलाई भनिएको राहतको अनुचित फाइदा उठाउनबाट अन्य समुहहरूलाई कसरी रोक्ने र अस्तव्यस्तताबाट कसरी बच्ने भन्ने कुराको व्यवहारिक कार्ययोजना नभएमा यो राहत योजना अन्य राहत योजनाहरू जस्तै बेकामे हुन जान्छ । त्यस्तै गरी बीऊ वा मलमा राहत दिँदा प्रभावकारी हुन्छ अथवा नगद राहत बढी प्रभावकारी हुन्छ वा अन्य कुनै राहतको व्यवस्था विकास गर्दा उपयुक्त हुन्छ भन्ने कुरा पनि छलफल गर्नु जरुरी छ । राहत दिने अवस्थामा यो कति समयसम्म लागु गर्ने भनेर पुर्वनिर्धारण गर्नु पनि आवश्यक हुन्छ । नेपालको कृषि क्षेत्रका लागि आवश्यक विषादीहरूमा धेरै समयसम्म राहत व्यवस्था लागु गराउँदै आइएको छ । राहत दिने व्यवस्थाका कारण किसानहरूले समयमा र सुचारु रूपमा विषादी नपाउने समस्या भोग्दै आउनुपरेको छ । यतिमात्र नभई राजनीतिक र अन्य सम्बन्धहरूको प्रयोग गरेर राहतको फाइदा उठाउनेजस्ता क्रियाकलापहरू धेरै हुने गर्छन् । तसर्थ, वर्गीकृत गरेर राहत प्रदान गर्नुका यी नकारात्मक पक्षलाई हेर्दा विषादीमा राहत हटाइ विषादी बजार खुला गरेमा नै कृषकहरूले समयमा विषादी पाउने हुनसक्छ । यद्यपि, सन् ९० को दशकमा विषादीहरूमा चर्को सरकारी नियन्त्रण हटाई विषादी बजार खुला गर्दा सस्तो र कमसल विषादीहरू बजार प्रवेश गरेर किसानहरूलाई नोक्सान भएको समस्या पनि विचारणीय छ । यस्तो अवस्थामा स्थानीय तहहरूमा विषादीहरूको गुणस्तर निरीक्षण गर्ने विषेशज्ञहरू राख्ने कार्य गरेर उक्त समस्या हल गर्न सकिन्छ ।  तसर्थ, गरिनुपर्ने थप छलफलहरूमा यी सबै दृष्टिकोणहरूलाई हेरेर उचित नीतिहरू अपनाउनुपर्ने हुन्छ ।

त्यस्तै निजी क्षेत्रलाई कृषिको व्यवसायीकरणमा प्रोत्साहित गर्ने सन्दर्भमा थुप्रै अनुकरणीय उदाहरणहरू रहेका छन् । यसको विस्तृत अध्ययन गरी राम्रा पक्षहरूलाई विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ ।

कृषिको व्यवसायीकरण गर्नका लागि प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्नुपर्ने हुँदा ट्रयाक्टरलगायतका विभिन्न उपकरणहरूको आयातमा कर छुट दिने सन्दर्भमा पनि यस व्यवस्थाले कसरी कृषकहरूलाई अधिकतम लाभ पुर्‍याउँछ भन्ने विचार गर्नुपर्ने हुन्छ । कतिपय अवस्थामा कर छुट दिनु मात्रै पनि पर्याप्त हुँदैन । न्युन आय भएका कृषकहरूलाई प्रविधिको प्रयोग गर्नका लागि लगानीमाथि पहुँच पुर्‍याउनु पनि त्यतिकै आवश्यक हुन जान्छ ।

अन्त्यमा, कृषि क्षेत्रको व्यवसायीकरणको वृहत् मुद्दा भनेको भौतिक पुर्वाधारहरूको व्यवस्था हो । नेपालको कृषियोग्य जमिनको करिब पाँच भागको एक भाग मात्रै सिंचाइको पँहुचमा रहेको छ । त्यसका अतिरिक्त बाटो-घाटो, सङ्कलन केन्द्रहरू, ग्रामीण बिद्युतीकरण आदि अन्य पुर्वाधारसम्बन्धी गहन मुद्दाहरू हुन् । यहाँ प्रस्तुत गरिएका सुझावहरूको उचित पुर्वाधारहरूको अभावमा कुनै उपयोगिता र सकारात्मक प्रभाव पर्न सक्दैन । अघि बर्णन गरिएको सन् ९० को दशकमा विषादीको नियन्त्रण हटाई बजार खुला गर्ने नीति सफल नहुनुमा ग्रामीण भेगमा रहेको महँगो यातायात सर्वसुलभ नहुनु एउटा प्रमुख कारण थियो । यी सबै विषयहरूलगायत वृहत् छलफलको आवश्यकता पर्ने अर्को प्रमुख क्षेत्र भनेको कृषिको व्यवसायीकरणमा सरकार र निजी क्षेत्रको भुमिकाबारे विस्तृत परिचर्चा गरी निष्कर्षमा आउनु पनि हो ।

# सन्दर्भ सामग्री


CBS, WB, DFID, and ADB, 2006 as cited in Karkee, M. (August, 2008). Nepal Economic Growth Assessment Agriculture. Extracted from http://nepal.usaid.gov/downloads/all-downloads/category/16-evaluation-reports.html?download=228%3Anepal-economic-growth-assessment-agriculture

Elepu, Gabriel. Nalukenge, Imelda (2006). Contract Farming and Commercialization of agriculture in Uganda: The Case of Sorghum, Sunflower, and Rice Contract Farming Scheme. Retrieved June 14, 2011, from http://www.agriculturaleconomics.net/downloads/Contract%20farming%20paper.pdf

Federated Farmers of New Zealand. (n.d.). *Farming Facts*. Retrieved from http://fedfarm.org.nz/about_us/farmingfacts on 15th July 2011.

Ghimire, Prabhakar. ( 2010, July 25). Unemployed youth: Migration vs agriculture. Republica. Retrieved from http://archives.myrepublica.com/portal/index.php?action=news_details&news_id=21417

Karkee, M. (August, 2008). Nepal Economic Growth Assessment Agriculture. Extracted from http://nepal.usaid.gov/downloads/all-downloads/category/16-evaluation-reports.html?download=228%3Anepal-economic-growth-assessment-agriculture

New Zealand's Agricultural Reforms and their international implications. Extracted from www.staff.ncl.ac.uk/david.harvey/AEF873/NZReformsJohnson.pdf

NARC, 2010. Nepal Agricultural Research Council(June 2010). NARC's Strategic Vision for Agricultural Research (2011 -2030). Extracted from http://www.narc.org.np/narc_vision/NARC_vision.pdf

NARC, 2010. Action Against Hunger. 2006. Alarming Malnutrition Rates In Northwestern Nepal. Extracted from http://www.actionagainsthunger.org/pressroom/releases/2006/05/12 as cited in NARC: Nepal Agricultural Research Council (June 2010). NARC's Strategic Vision for Agricultural Research (2011 -2030). Extracted from http://www.narc.org.np/narc_vision/NARC_vision.pdf

Organization for Economic Co-operation and Development. (2005). Agricultural Policy Reform in China. Retrieved June 14, 2011, from http://www.oecd.org/dataoecd/3/48/35543482.pdf

Rahut, Dil Bahadur. Sahu, Pravakar. Castellanos, Ivan Velasquez. (2010). Commercialization Of Agriculture In The Himalayas (IDE discussion paper 265). Institute of Developing Economies.

RSS. (2010, September 5). Poultry entrepreneurs plead for govt sympathy . The Himalayan Times. Retrieved from http://www.thehimalayantimes.com/fullNews.php?headline=Poultry+entrepreneurs+plead+for+govt+sympathy&NewsID=256644

Sandrey, R. and Reynolds, R. (1990) 'Assistance to Agriculture', in Farming Without Subsidies, Government Printer, Wellington.

Savada , M. A. (1991). Nepal: A Country Study .Washington: GPO for the Library of Congress.

Shrestha, R. K. (2010). 'Fertilizer Policy Development in Nepal' , in The Journal of Agriculture and Environment Vol:11

Tamrakar, Krishna Prasad. Public-Private Partnership for Agriculture Development in Nepal. 2008

The World Bank Group. (2011). Nepal: Priorities for Agriculture and Rural Development. Retrieved from http://go.worldbank.org/D9M3ORHVL0